
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १२३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ३ गते बिहीबार ❑ 16 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## क्रिकेटर लामिछानेविरुद्धको अभियोग पुष्टि नभएको ठहर

**रासस**
काठमाडौं, २ जेठ

उ च च अ दा ल त पाटनले क्रिकेटर सन्दीप लामिछानेविरुद्धको बलात्कारको मुद्दामा हालसम्म प्राप्त प्रमाणबाट अभियोग पुष्टि नभएको ठहर गर्दै सफाइ दिएको छ ।

न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेतीको इजलासले लामो बहसपछि हालसम्म प्राप्त प्रमाणका आधारमा क्रिकेटर लामिछानेलाई दोषी ठहर गर्न नसकिने भन्दै सफाइ दिएको हो ।

"काठमाडौँ जिल्ला अदालतले लामिछानेविरुद्ध सो मुद्दामा गरेको आठ वर्ष जेल सजाय, रु तीन लाख जरिवाना र रु दुई लाख क्षतिपूर्ति भराउने फैसला बदर गरेको छ", उच्चअदालत पाटनका प्रवक्ता विमल पराजुलीले रासससँग भन्नुभयो, "इजलासले क्रिकेटर लामिछानेलाई पूर्णरुपमा सफाइ हुने ठहर गरेको छ ।"

काठमाडौँ जिल्ला अदालतले गत पुस १३ गते बलात्कार मुद्दामा भएका क्रिकेटर लामिछानेलाई दोषी ठहर गरेको थियो भने गत पुस २५ गते सजाय, जरिवाना तथा क्षतिपूर्ति निर्धारण गरेको थियो । उक्त फैसलाविरुद्ध लामिछानेले उच्चअदालत पाटनमा पुनरावेदन गर्नुभएको थियो । अदाललते सरकारको दाबी पुग्ने आधार र प्रमाणहरू प्राप्त नभएको ठहर गरेको छ । क्रिकेटर लामिछानेलाई सफाइ दिनुपर्ने आधार र कारणहरू फैसलाको पूर्णपाठमा आउने अदालतले जनाएको छ । अदाललते प्रमाण बुझ्ने क्रममा होटलमा बसेको सिसिटिभी फुटेज समेत हेरेको थियो । दुवैपक्षबाट



भएको बहस, प्रमाणका आधारमा लामिछानेलाई सफाइ हुने ठहर गरेको हो ।

क्रिकेटर लामिछानेले करिब दुई वर्षपछि तत्काल अभियोगबाट सफाइ पाए पनि उक्त फैसलाविरुद्ध सर्वोच्च अदालत जाने बाटो भने अझै बाँकी छ । जिल्ला अदालत काठमाडौँले गत माघ १६ गते सार्वजनिक गरेको पूर्णपाठमा बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर लामिछानेले पीडितको कमजोर आर्थिक अवस्थाको फाइदा उठाएको उल्लेख गरेको थियो ।

जिल्ला अदालत काठमाडौँका न्यायाधीश शिशिरराज ढकालको इजलासले गरेको उक्त फैसलामा भनिएको थियो, "पीडित गौशाला-२६ को आर्थिक अवस्था अत्यन्त कमजोर रहेको तथा पारिवारिक अवस्था पनि राम्रो नरहेको भन्ने देखिन्छ, सो कुरा घटना विवरण कागज गर्ने देव खनालले वकपत्र गर्दा 'आफ्नो पारिवारिक स्थिति राम्रो छैन भनेर भन्थिन, आर्थिक सहयोग खोजिरहेको कुरा गर्थिन'।" पूर्णपाठमा गौशाला-२६ लाई बालिग ठहर गरेको क्रिकेटर लामिछानेले खेलाडीका रुपमा प्राप्त गरेको 'स्टारडम'को दुरुपयोग गरी पीडितको कमजोर आर्थिक अवस्थाको फाइदा उठाएको उल्लेख थियो । लामिछानेविरुद्ध २०७९ साल भदौ २१ गते बालिका बलात्कार गरेको उजुरी परेपछि उनलाई २०७९ साल असोज २० गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको थियो । लामिछानेविरुद्ध अनुसन्धान गरेर प्रहरीले सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालत काठमाडौँमा मुद्दा दायर गरेको थियो । उक्त मुद्दाको प्रारम्भिक सुनुवाइपछि अदालतले लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो । जसमा अदालतले लामिछानेलाई दोषी ठहर गरेको थियो । उक्त आदेशविरुद्ध लामिछानेले उच्चअदालत पाटनमा दायर गरेको निवेदनमा न्यायाधीशद्वय रमेश ढकाल र ध्रुवराज नन्दको इजलासले रु २० लाख धरौटीमा छाड्न आदेश दिएपनि विदेश जान भने रोक लगाइएको थियो । लामिछानेले विदेश जान अनुमति माग गर्दै सर्वोच्च अदालतमा निवेदन दिएका थिए ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय सपनाप्रधान मल्ल प्रधान र कुमार चुडालको संयुक्त इजलासले लामिछानेलाई क्रिकेट खेलका लागि विदेश जाने अनुमति पनि दिएको थियो । अदालतको आज सफाइ दिएपछि क्रिकेटर लामिछानेले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलमा भाग लिन पाउने बाटो खुलेको छ ।

यसै गरी नेपाल क्रिकेट सङ्घ (क्यान) ले क्रिकेटर सन्दीप लामिछानेलाई घरेलु तथा अन्तर ष्ट्रिय स्तरका सबै प्रकारका क्रिकेट खेल गतिविधिको निलम्बनबाट फुकुवा गरेको छ । उच्चअदालत पाटनले बलात्कार मुद्दामा लामिछानेलाई सफाइ दिएसँगै क्यानले उहाँविरुद्धको निलम्बन फुकुवा गरेको हो । यससँगै लामिछानेको अमेरिका र वेस्ट इन्डिजमा आयोजना हुने टि-ट् वान्टी विश्वकप खेल्न सम्भावना बढेको छ । उच्चअदालत पाटनका न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेतीको इजलासले त्रिकेटर लामिछानेलाई सफाइ दिएको थियो । यसअघि जिल्ला अदालत काठमाडौँले लामिछानेलाई बलात्कार मुद्दामा दोषी ठहर गर्दै आठ वर्ष कैद र रु पाँच लाखको जरिवाना र क्षतिपूर्तिको फैसला सुनाएको थियो । त्यससँगै क्यानले पनि लामिछानेलाई क्रिकेट गतिविधिबाट निलम्बन गरेको थियो ।

## व्यास नगरपालिकामा पुनः मतगणना गर्न अदालतको आदेश

**पोखरापत्र संवाददाता**
दमौली, २ जेठ

तनहुँको व्यास नगरपालिकामा पुनः मतगणना गर्न उच्च अदालत पोखराले आदेश दिएको छ ।

व्यास नगरपालिकाका प्रमुखका उम्मेदवार दीपकराज जोशीले दायर गर्नुभएको रिटमा मङ्गलबार अन्तिम सुनुवाइ गर्दै अदालतले निवेदकको दाबी पुग्ने फैसला गरेको हो । उच्च अदालतका न्यायाधीश राजनप्रसाद भट्टराई र निर्मला पौडेल भट्टराईको संयुक्त इजलासले रिट निवेदक जोशीको पक्षमा फैसला सुनाएको उच्च अदालतका सूचना अधिकारी विश्वनाथ अर्यालले जानकारी दिनुभयो ।

मतगणनामा धाँधली भएको भन्दै जोशीले विसं २०७९ जेठ १२ गते निर्वाचन आयोग समेत पाँचजनालाई विपक्षी बनाई रिट दर्ता गर्नुभएको थियो । जोशीका पक्षमा पाँचजना अधिवक्ताले बहस गर्नुभएको थियो ।

स्थानीय तहको निर्वाचनअन्तर्गत व्यास नगरपालिकाको प्रमुख वैकुण्ठ न्यौपाने १२ हजार ७८ मत प्राप्त गरी विजयी हुनुभएको थियो । प्रतिस्पर्धी उम्मेदवार जोशीले ११ हजार आठ सय २६ मत प्राप्त गर्नुभएको थियो ।


## मर्यादित संसदीय अभ्यासका लागि एमाले समर्पित छ–अध्यक्ष ओली

**रासस**
काठमाडौं, २ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले मर्यादित संसदीय अभ्यासका लागि आफ्नो पार्टी निरन्तर समर्पित रहीआएको बताउनुभएको छ ।

नयाँ बानेश्वरस्थित अन्तर ष्ट्रिय सम्मेलन केन्द्रमा आज आयोजित पार्टी संसदीय दलको बैठकलाई सम्बोधन गर्दै उहाँले प्रमुख प्रतिपक्षी दलले संसदमा प्रदर्शन गरिरहेको विरोधबाट आफूहरू आत्तिनुपर्ने कारण छैन भन्नुभयो । उहाँले नेपाली कांग्रेसले बिना प्रमाण र कसूर कसैलाई आरोप लगाउँदैमा संसदीय समिति गठन हुन नसक्ने र अब संसद बैठक अवरुद्ध नहुने बताउनुभयो । "आरोपित व्यक्ति पहिले संसद्मा बोल्न पाउनुपर्छ, कांग्रेसले बोल्न पाउने अनि अन्यले नपाउने भन्ने हुन्छ ? उसले बोलेको हामीले मात्रै सुन्नपर्ने ? यस्तो संसदीय अभ्यास हुँदैन", अध्यक्ष ओलीले भन्नुभयो । उहाँले देश र जनताका कामप्रति सांसदहरू गम्भीर हुनुपर्नेमा जोड दिनुभयो । संसदीय दलका नेता ओलीले भन्नुभयो, " मर्यादित संसदीय अभ्यासका लागि हामी समर्पित छौँ, संसद् अविलम्ब सुचारू हुनुपर्छ । कांग्रेसले पनि अब संयमता अपनाउनुपर्छ ।" परिस्थितिको आँकलन गरी सबै राजनीतिक दललाई आफूहरूले मिलाएर लैजाने प्रयास गरिरहेको पनि उहाँको भनाइ थियो । अध्यक्ष ओलीले भन्नुभयो,"सदनमा भोलि हामी बहस गर्न तयार भएर जाऔँ, हामीले त्यहाँ बहस गर्न पाउनुपर्छ ।" पार्टी संसदीय दलका प्रमुख सचेतक महेशकुमार बर्तौलले संसदमा प्रस्तुत नीति तथा कार्यक्रममा एमाले सांसदले खेल्ने भूमिका र दिनुपर्ने सुझावका विषयमा छलफल भएको बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो,"सरकारमा रहेकाले सैद्धान्तिकरूपमा समर्थन गर्छौं । पारित गर्ने स्वभाविक विषय भयो तर पनि कतिपय विषयमा सुझाव दिनुपर्ने छ ।

केही थप विषय समेट्न सकिन्थ्यो कि भन्ने लागेको छ ।"बैठकमा पार्टी उपाध्यक्ष विष्णु पौडेल, महासचिव शङ्कर पोखरेल र पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले संसदमा उठाउनुपर्ने र नीति तथा कार्यक्रममा समेटिएका विषयवस्तुबारे सांसदलाई प्रशिक्षण दिइरहनुभएको छ ।



## 'सही स्थितिको सही विश्लेषण नै माक्सवाद हो' : खगराज अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

नेकपा एमालेका स्थायी कमिटी सदस्य खगराज अधिकारीले सही स्थितिको सही विश्लेषण नै माक्सवाद भएको बताउनुभएको छ ।

बुधबार नेकपा एमाले कास्कीको आयोजनामा पोखरा १६ खोलाखेत स्थित मदन-आश्रित स्मृति पार्कमा आयोजित कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनु भएको हो । पुँजीवादी जनवादी क्रान्ती शान्तिपूर्ण बाटोबाट हुन्छ भन्ने जननेता मदन भण्डारीको भनाईले त्यसलाई प्रष्ट पारेको उहाँले खुलाउनुभयो ।

'भयो त्यस्तै भोट हालेर ४ जना राजावादी भए, अरु सबै गणतन्त्रवादी, मदन भण्डारी ज्योतिषी त होइन नी, तर सही स्थितिको सही विश्लेषण नै माक्सवाद हो, त्यो विश्लेषण गर्नुभयो' अधिकारीले भन्नुभयो ।

जनताको बहुदलीय जनवादले पुँजीवादी जनवादमा मात्र नभएर समाजवादमा पनि



दलीय प्रतिष्पर्धालाई खुला गरेको भनाई उहाँको थियो । ' बहुदलीय जनवादले के भन्यो भने समाजवादी समाजमा पनि वर्गीय अस्तित्व रहन्छ, प्रतिष्पर्धा रहन्छ, पुँजीवादी जनवादमा मात्र हैन समाजवादमा पनि दलीय प्रतिष्पर्धालाई खुला गऱ्यो, त्यहीँ बाटोमा आज हामी छौँ' उहाँले भन्नुभयो । सिपी मैनाली र झलनाथ खनाल जनताको बहुदलीय जनवादको विरोधी भएको र माधव नेपालले पनि दोस्रो पटक बहुमत देखेपछि भोट हालेको उहाँको दावी छ । 'सिपी मैनाली, झलनाथ खनाल जनताको बहुदलीय जनवादको विरोधी हुन्, माधव नेपालपनि बहुदलीय जनवादमा भोट नहालेका मानिस हुन्, दोस्रो पटक मात्र हाले बहुमत देखेपछि' अधिकारीले थप्नुभयो । जननेता भण्डारीको निधनले नेपाली राजनीतिमा अपुरणीय क्षति पुऱ्याएको भन्दै भण्डारीको विचारलाई अनुसरण गर्दै उहाँले देखेको सपनालाई साकार पार्नुपर्ने बताउनुभयो। राष्ट्रियपुँजीको विकास बिना समाजवादमा जान नसकिने भएकोले राष्ट्रिय पुँजीको विकासमा ध्यान दिनुपर्नेमा गण्डकी प्रदेशका मुख्यमन्त्री समेत रहनुभएका अधिकारीले जोड दिनुभयो । नेकपा एमाले कास्कीका अध्यक्ष वैनबहादुर अधिकारी क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव दर्शन लामाले गर्नुभएको थियो । एमाले कास्कीले जननेता मदनकुमार भण्डारी र कुशल संगठक जीवराज आश्रितको ३१ औँ स्मृति दिवसको अवसरमा बुधबार सरसफाइ, माल्यार्पण तथा जवजका विशेषताहरूको वाचन कार्यक्रम आयोजना गरेको हो । वडा पार्टी कमिटी पोखरा १६ को व्यवस्थापनमा भएको कार्यक्रममा नेकपा एमालेका नेता, जनप्रतिनिधि र शुभचिन्तकको सहभागीता रहेको थियो ।

कास्कीको जिल्ला अधिवेशन उद्घाटन गरेर फर्कने क्रममा २०५० साल जेठ ३ गते दासढुंगामा भएको रहस्यमय जीप दुर्घटनामा भण्डारी र आश्रितको निधन भएको थियो । एमाले कास्कीले स्मृति दिवसको अवसरमा बिहीबार जिल्ला पार्टी कार्यालयमा नेपालको कम्युनिष्ट आन्दोलनमा मदन आश्रितको योगदान विषयक प्रवचन कार्यक्रमको आयोजना गर्ने अध्यक्ष क्षेत्रीले जानकारी दिनुभयो ।

# पोखरामा क्लबस्तरीय भलिबल प्रतियोगिता सुरु

## राजनीतिकर्मीहरुले खेलाडीबाट अनुशासन सिकौं: उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

पोखरामा नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीको आयोजनामा आजदेखि प्रथम क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ।

नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्की स्थापना दिवसको अवसरमा आयोजित प्रतियोगिताको उद्घाटन नेपाली कांग्रेसका उपसभापति एवम् प्रतिनिधिसभा सदस्य धनराज गुरुङले गरे । पोखरा महानगरपालिका ३ स्थित नदीपुर खेलमैदानमा भएको उद्घाटन खेलमा जनकल्याण पोखरा-११ ले विजयी सुरुवात गरेको छ । जनकल्याण पोखरा-११ ले माछापुच्छ्रे गाउँपालिका भलिबल संघलाई २-१ को सेटमा पराजित गर्यो । जनकल्याणले पहिलो सेट २५-१५ ले जिते पनि दोस्रो सेट १७-२५ ले गुमाएको थियो। तेस्रो तथा निर्णायक सेटमा सुरुवाती अङ्कमा पछाडी परेको जनकल्याणले उत्कृष्ट पूनरागमन गर्दै माछापुच्छ्रेलाई २६-२४ ले पराजित गर्यो र २ अंक जोड्यो। यता पराजित बनेको माछापुच्छ्रेले १ अङ्क प्राप्त गर्यो।

कुल ९ टिमको सहभागिता रहेको प्रतियोगिता लिगकम नकआउटको आधारमा



सञ्चालन भइरहेको प्रतियोगिता संयोजक लामा अमृत गुरुङले बताए। उनका अनुसार ९ टिमलाई २ समूहमा विभाजन गरिएको छ। जसमा समूह 'ए'तर्फ माछापुच्छ्रे गाउँपालिका भलिबल संघ, जन कल्याण पोखरा-११, फ्रेन्स युथ क्लब, मादी-११ रहेका छन् । यस्तै समूह'बी'तर्फ जिभिपि युके लण्डन, अन्नपूर्ण गाउँपालिका भलिबल संघ, माछापुच्छ्रे गुराँसे भूमि घाचोक,शान्तिदेवि युथ क्लब शिशाघाट र माछापुच्छ्रे गाउँपालिका-२ रहेको छ। नेपाली कांग्रेसको भातृसंगठन नेपाल लोकतान्त्रीकखेलकुदसंघकास्कीको आयोजनामा भएको क्लबस्तरीय पुरुष भलिबलको प्रतियोगिताको विजेताले १ लाख २० हजार, उपविजेताले ८० हजार, तेस्रो हुने समूहले ४० हजार र सान्त्वना हुने समूहले २० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने अध्यक्ष नविन पुनले बताए। यसै गरी प्रतियोगिताको उद्घाटन गर्दै नेपाली कांग्रेसका उपसभापति एवम् प्रतिनिधिसभा सदस्य धनराज गुरुङले राजनीतिकर्मीहरुले खेलाडीबाट अनुशासन सिक्नपर्ने बताए। 'हामी राजनीतिककर्मीहरु पछिल्लो समय अनुशासनविहिन बन्न थालेका छौं। खेलाडीबाट अनुशासन सिक्न जरुरी छ, उपसभापति गुरुङले भने, 'खेलकुदमा जसरी रेफ्रीले सिठ्ठी बजाएपछि त्यो सिठ्ठीलाई आधार मानेर अनुशासनमा रहेर खेल्छन् तर राजनीतिक खेलाडीहरु बेलगाम भएका छन् । बेलगाम भएका हामीहरुले खेलाडीबाट अनुशासन सिक्न जरुरी छ।' उनले वर्तमान राजनीति अनुशासनविहिन भएकै कारण फरक शिराबाट अगाडि बढिरहेको दोहोर्याए। 'अहिलेको नेपाली राजनीति अनुशासनमा रहेको छैन । खेलाडीबाट अनुशासन सिक्न पर्छ, उनले भने, 'वर्तमान राजनीति विडम्बना ढङ्गबाट अगाडि बढेको छ । प्रजातन्त्र भनेको लुटतन्त्र, मनपरीतन्त्र जस्तो देखिएको छ, त्यसैले राजनीतिकर्मीहरुले अनुशासन सिक्न जरुरी छ।' नेपाल लोकतान्त्रीक खेलकुद संघका अध्यक्ष देवेन्द्रकुमार शेरचनले संघको दशौं स्थापना दिवसको अवसरमा देशको विभिन्न जिल्लाहरुमा प्रतियोगिता आयोजना गरेर स्थापना दिवस मनाइरहेको बताए । कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, पोखरा महानगरपालिका-२ का वडाध्यक्ष दिवशमान प्रधानाङ्ग र नेपाल भलिबल संघका केन्द्रीय उपाध्यक्ष याम गुरुङ यस प्रतियोगिताले भलिबल र खेलाडीहरुलाई चलायमान बनाउन सहयोग पुग्ने बताए । कार्यक्रम नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीका अध्यक्ष नविन पुनको अध्यक्षता, कोषाध्यक्ष एवम् प्रतियोगिता संयोजक लामा अमृत गुरुङको स्वागत र सचिव प्रितम गुरुङको सञ्चालनमा सम्पन्न भएको थियो।

# होमस्टे महासंघ गण्डकीको प्रशिक्षक प्रशिक्षण सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २ जेठ

होम स्टे महासंघ गण्डकी प्रदेशको आयोजना तथा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सहयोगमा भएको ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ।

तालिम समापनको अवसरमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव कुमान सिं गुरुङले होमस्टे राम्रो संग संचालन गर्न सकेमा स्थानिय उत्पादनको खपत वढाउनुका साथै आय आर्जन पनि वढाउन सकिने वताए। उक्त कार्यक्रममा उद्योग तथा पर्यटन महाशाखा प्रमुख रामप्रसाद आचार्य, शाखा प्रमुख डम्बर जिसी, प्रमुख प्रशिक्षक सुर्य न्यौपाने, पोखरा २२ की वडा सदस्य कृष्ण कुमारी देवकोटा, राष्ट्रिय होमस्टे महासंघ



नेपालका केन्द्रिय उपाध्यक्ष तथा गण्डकी प्रदेश संयोजक प्रकाश चन्द्र गुरुङ, केन्द्रिय उपाध्यक्ष तथा लुम्बीनी प्रदेश संयोजक धनिश्वर वस्याल, उपाध्यक्ष तथा शिक्षा विभाग प्रमुख उर्मिला गुरुङ, महासचिव कृष्ण चौधरी, कोषाध्यक्ष सुरज वास्तोला, भुम्दी टुनार सामुदायिक होमस्टेका अध्यक्ष राम गुरुङ, भुम्दी आमा समुहकी अध्यक्ष राधा गुरुङ लगायतले वोलेका थिए। जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उद्धाटन गरेका थिए उद्घाटन कार्यक्रममा केन्द्रिय पदाधिकारी तथा होमस्टे महासंघ गण्डकीका सचिब कृष्ण तिमिल्सिना लगायतको उपस्थिति रहेको थियो। होमस्टे महासंघका गण्डकीका अध्यक्ष धनिराम गैरेको अध्यक्षतामा भएको कार्यक्रमको संचालन निर्वतमान अध्यक्ष हरिलाल पौडेल र स्वागत उपाध्यक्ष मोहन खनालले गरेका थिए।

# नेकपा (एमाले) तनहुँको अध्यक्षमा कँडेल विजयी

**पोखरापत्र संवाददाता**
दमौली, २ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) तनहुँको अध्यक्षमा हरिराज कँडेल विजयी हुनुभएको छ।

मङ्गलबार राति सम्पन्न अन्तिम मतपरिणामअनुसार दुई सय ९२ मत प्राप्त गरी उहाँ विजयी हुनुभएको हो । अध्यक्षका प्रतिस्पर्धी विष्णुभक्त सिग्देलले दुई सय चार मत प्राप्त गर्नुभएको निर्वाचन कमिटीका अध्यक्ष पदमलाल लामिछानेले जानकारी दिनुभयो । यसैगरी, उपाध्यक्षमा राजेश्वर ढकाल,



सचिवमा प्रदीपराज अधिकारी, उपसचिव खुलामा खिमबहादुर कुमाल, उपसचिव महिलामा सुनिता नेपाली विजयी हुनुभएको छ। अधिवेशनले ९९ सदस्यीय जिल्ला कमिटी र पाँच सदस्यीय लेखा कमिटी निर्वाचित गरेको छ। पाँच सय ८५ मतदातामध्ये पाँच सय ६० जनाले मतदान गरेका थिए।

# विद्युत महशुल बढेपछि आन्दोलन शुरु

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २ जेठ

विद्युत नियमन आयोगले बुटवल पावर कम्पनीलाई विद्युत महशुल बढाउने निर्णय गरेपछि आन्दोलन शुरु भएको छ।

पश्चिम, दक्षिण स्याङ्जाका उपभोक्ताहरु आयोगले कम्पनीलाई विद्युत महशुल बढाउन पाउने स्विकृती दिएपछि आन्दोलन शुरु गरेका हुन् । पहिलो चरणको आन्दोलनमा स्याङ्जाका ७ राजनीतिकदलले छुट्टाछुट्टै ध्यानाकर्षण विज्ञप्ती बीपीसी र विद्युत नियमन आयोगलाई बुझाएर आन्दोलन शुरु भएको जानकारी दिएका हुन्।

नेपाली काँग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पाटी, नेकपा समाजवादी, राष्ट्रिय जनमोर्चा र राष्ट्रिय प्रजातन्त्र पाटीका नेताहरुले हस्ताक्षर गरेर बुटवल पावर कम्पनीको आँधीखोला विद्युत वितरण कार्यालय वालिङमा ध्यानाकर्षण पत्र बुझाएका छन् । नेपाली काँग्रेसका वालिङ नगर सभापति नेत्रप्रसाद पाण्डे, नेकपा एमाले वालिङ नगर कमिटीका अध्यक्ष शोभाकान्त पौडेल, नेकपा माओवादी केन्द्रका वालिङ नगर उपाध्यक्ष थमनदेवी काफ्ले, राष्ट्रिय स्वतन्त्र पाटीका प्रतिनिधि प्रकाश अर्याल, नेकपा समाजवादीका केन्द्रीय परिषद सदस्य जगदिश गैह्रे, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष राजेन्द्र गैह्रे र राष्ट्रिय प्रजातन्त्र पार्टी स्याङ्जा क्षेत्र नम्वर २ का उपाध्यक्ष बिजय बस्नेतले हस्ताक्षर गरेर ध्यानाकर्षणपत्र बुझाउका छन् । ७ नेताले हस्ताक्षर गरेको ध्यानाकर्षण पत्रमा विद्युत नियमन आयोगले एकतर्फीरुपले विद्युत महशुल बढाएको आरोप लगाइएको छ । विद्युत नियमन आयोगका अध्यक्ष दिल्लीबहादुर सिंहले आफ्नो कार्यकाल सकिनै लागेका बेला ठुलो आर्थिक प्रलोभनमा उपभोक्तालाई मर्कामा पार्नेगरी एकतफीरुपले विद्युत महशुल बढाएको ध्यानाकषर्ण पत्रमा उल्लेख गरिएको छ । आयोगले गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा कम्पनीले विद्युत महशुल बृद्धि नगर्ने र थप गुणस्तरीय सेवा बनाउदै लैजानुपर्ने माग गरिएको बिषयलाई वेवास्ता गरेको र आम उपभोक्तालाई प्रभावित बनाउने गरी गरिएको महशुल बृद्धि तुरुन्तै खारेज गर्न माग गरिएको छ।

राजनीतिकदल मार्फत महशुल खारेज गर्ने अनुरोधलाई नसुनिएमा चरणवद्ध आन्दोलन गर्ने चेतावनी समेत ध्यानाकर्षण पत्रमा उल्लेख गरिएको छ। संयुक्त संघर्ष समिति निर्माण गरी राजनीतिकदलले आन्दोलन सुरु गरेको जनाएका छन् । आन्दोलनबाट हुने क्षती बीपीसी र आयोगले जिम्मेवारी लिनुपर्ने समेत चेतावनी ७ राजनीतिकदलले दिएका छन्।

आयोगले कम्पनीलाई समग्रमा झण्डै ४५ प्रतिशत विद्युत महशुल बृद्धि गर्ने अनुमति दिएको छ । सेवा शुल्कमा पनि उत्तिकै बढाउने अनुमति दिएको बताइएको छ । उपभोक्ताले पुरानो महशुलमा प्रति युनिट झण्डै ३ रुपैयाका दरले बृद्धि गरिएको महशुल बुझाउनु पर्ने छ। समग्रमा ५ रुपैयाँ ९८ पैसा प्रति युनिट तिर्दै आएका उपभोक्ताले अव समग्रमा ८ रुपैयाँ ९८ पैसा महशुल लाग्ने गरी निर्धारण गरिएको छ।

विद्युत नियमन आयोगको निर्देशीका अनुसार विद्युत महशुल निर्धाण गर्दा अपनाईने व्यवस्था कायम गरिएको छ। तर आयोगले महशुल बृद्धि गर्दा सार्वजनिक सुनुवाई मात्रै गरेर अन्य राय, सल्लाह र सेवा प्रवाहको समेत सुझाव र अनुगमन नगरी महशुल बृद्धि गरिदिएको छ । यसरी महशुल बृद्धि गरिदिएपछि यहाँका राजनीतिकदल र उपभोक्ताहरु आन्दोलित हुन शुरु गरेका हुन्।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**रासस**
काठमाडौं, २ जेठ

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको बैठकले बुधबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर रु सात र डिजेल तथा मट्टितेलमा प्रतिलिटर रु पाँच घटाएको हो।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रटिलिटर एक सय ६८ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि रु एक सय ७० र तेस्रो वर्गका लागि रु एक सय ७१ कायम भएको छ। डिजेल र मट्टितेल भने पहिलो, दोस्रो र तेस्रो वर्गका लागि प्रतिलिटर क्रमशः एक सय ५१ रुपैयाँ ५० पैसा, एक सय ५३ रुपैयाँ र एक सय ५४ रुपैयाँ पुगेको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो तथा काठमाडौं, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गका रुपमा तोकेको छ । नयाँ मूल्य निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुनेछ।


इण्डियन आयल कर्पोरेशन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलिमय पदार्थको मूल्य घटेर आएकाले स्थानीय बजारमा मूल्य समायोजन गरिएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिनुभयो । आइओसीले बुधबार पेट्रोलको मूल्यमा प्रतिलिटर छ रुपैयाँ ७५ पैसा र डिजेलको मूल्यमा प्रतिलिटर पाँच रुपैयाँ नौ पैसाले घटाएर नयाँ बिक्री मूल्य पठाएको निगमले जनाएको छ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही **मिति जेठ ५ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१५४, ९८४४३११५०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीन्छु ।

- जर्ज बार्वर

**सम्पादकीय**

# उत्साह जगाउने कार्यक्रम

राष्ट्रपतिरामचन्द्र पौडेलले प्रस्तुत गरेको सरकारको नीति तथा कार्यक्रममा अर्थतन्त्रको सुधार, उच्च दरमा रोजगारी र उत्पादन वृद्धि, निजी क्षेत्र र स्टार्टअपलाई प्रोत्साहन, कृषिमा लगानी दशक, सामाजिक न्यायका साथै उत्पीडित, गरिब, विपन्न विकट क्षेत्रका नागरिकलाई प्राथमिकता, क्रिकेट पूर्वाधार निर्माणमा लगानी लगायतका उत्साह जगाउने खालको छ । राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार संघीय संसद्मा मुलुकको सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरे । मुलुकको आर्थिक समृद्धि, सुशासन र जनचाहना अनुरूपको विकास निर्माण कार्यमा जोड दिँदै परिवर्तनको अनुभूति हुने गरी कार्य गर्ने नीति तथा कार्यक्रममा आमनागरिकसँग प्रत्यक्ष सरोकार राख्ने थुप्रै नवीन योजना प्रस्तुत गरिएका छन् । नीति तथा कार्यक्रममा संविधानको सफल कार्यान्वयनसँगै लोकतन्त्रको रक्षा गर्ने गहन दायित्वप्रति सरकारले जिम्मेवारीबोध गर्नुका साथै संघीयताको सफल कार्यान्वयनतर्फ विशेष जोड दिइएको छ ।

कृषि र पशुपालनबाट उत्पादन र रोजगारी सिर्जना गर्न बहुआयामिक कार्यक्रम प्रस्ताव गरिएको छ । कृषि क्षेत्रको आधुनिकीकरणसँगै पर्यटन प्रवर्धन, वातावरण संरक्षण एवं नवीकरणीय ऊर्जा क्षेत्रलाई दिइएको प्राथमिकीकरणले नयाँ रोजगारी सिर्जनामा ठूलो भूमिका खेल्ने छ । मुलुकको दिगो विकास र रोजगारी सिर्जनाको प्रमुख क्षेत्र कृषि नै हो भन्ने ठहरसाथ नयाँ बजेटमार्फत कृषि क्षेत्रको विकास र उत्पादकत्व वृद्धि केन्द्रबिन्दुमा पर्ने छ । उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रमको घोषणा गरी पाँच वर्षमा फलफूल र दुई वर्षमा पशुपालन तथा मत्स्य उत्पादनमा आत्मनिर्भर हुने लक्ष्य छ । आगामी वर्षको बजेटमा मुलुकका एक हजार युवालाई स्वरोजगार बनाउन बिउ पुँजी उपलब्ध गराएर प्रोत्साहन गरिने छ । यस योजनाले स्वदेशमै केही गरौँ भन्ने चाहना राख्ने युवालाई महत्वपूर्ण सहयोग हुने विश्वास छ । यसै गरी वन्यजन्तुबाट कृषि बालीमा हुँदै आएकोड हानिनोक्सानीको क्षतिभरणसहित न्यूनीकरण गरिने छ । भूमिहीन सुकुमवासीका समस्या समाधान गर्ने कार्यलाई पनि प्राथमिकतामा राखिएको छ; जस अनुसार आगामी वर्षभित्र पाँच लाख भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने सरकारको मध्यकालीन लक्ष्य छ । सरकारले मुलुकमा निकै जटिल देखिएको सुकुमवासी समस्याको समाधान सजिलो छैन ।

मुलुकमा संघीय गणतान्त्रिक लोकतन्त्रात्मक शासन व्यवस्था कार्यान्वयनमा आएपछिका प्रथम राष्ट्रपतिकै कार्यकालमा घोषणा गरिएको 'राष्ट्रपति चुरे संरक्षण परियोजना' लाई थप प्रभावकारी बनाउनुका साथै 'राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम' समेत घोषणा गरिएको छ । सरकारले जलवायु परिवर्तनका कारण मुलुकमा देखिएको वातावरणीय असर कम गर्न विशेष कार्ययोजना तय गर्ने भएको छ । सन् २०४५ सम्ममा कार्बन उत्सर्जनलाई शून्य बिन्दुमा झार्ने गरी कार्ययोजना तय गर्ने घोषणा सरकारले गरेको छ । जलवायु परिवर्तनसम्बन्धी मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुका साथै नेपालले उठाउँदै आएको क्षतिपूर्ति भरणको विषयलाई कूटनीतिक पहलसाथ अगाडि बढाउने नीति अख्तियार गरेर यसअघि नेपालका तर्फबाट अन्तर्राष्ट्रिय सम्मेलनहरूमा उठाउँदै आएको महत्वपूर्ण विषयलाई आगामी दिनमा थप प्रभावकारी बनाइने छ । आफूले वातावरण संरक्षणमा जोड दिने र अरूले पुऱ्याएको असरविरुद्ध क्षतिपूर्ति दाबीलाई जोडदार रूपमा उठाउने नीतिले निरन्तरता पाउने छ । वातावरण संरक्षणतर्फ सचेत रहँदै आगामी दिनमा जैविक इन्धनको प्रयोग घटाउँदै हरित अर्थतन्त्रतर्फ यात्रा तय गरिने छ ।

सरकारको नीति तथा कार्यक्रममा महत्वसाथ प्रस्तुत गरिएको अर्को क्षेत्र भनेको पर्यटन उद्योग हो । पर्यटन प्रवर्धनका लागि 'मेक इन नेपाल, मेड इन नेपाल' लाई बढावा दिनुका साथै राष्ट्रिय पर्यटकीय गन्तव्य प्रोफाइल तयार गरिने भएको छ । टाकुरा पर्यटकीय प्रवर्धन, बुद्ध सर्किट, लगायतलाई समेटन खोजेको छ। सरकारले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अख्तियार गर्नुका साथै निजी क्षेत्रको साझेदारीमा कार्य गर्न वर्तमान खरिद कानुनमा भएका बाधक पक्षलाई परिमार्जन गरेर लगानीमैत्री वातावरण बनाउने घोषणा गरिएको छ । तेस्रो लगानी सम्मेलनमा महत्वपूर्ण विषयका रूपमा उठेको खरिद कानुनले पारेको असजिलोलाई संशोधन गरेर लगानीमैत्री वातावरण बनाउने घोषसणमा गर्नुले आगामी दिनमा लगानीका लागि निजी क्षेत्र उत्साहित हुने अपेक्षा छ । सरकारी सेवा चुस्त बनाउनुका साथै सीमा समस्यालाई कूटनीतिक पहलद्वारा समाधान गरिने छ । प्रस्तुत नीति तथा कार्यक्रमले सबै क्षेत्रमा जनमुखी कार्यक्रमलाई पहिचान र प्रोत्साहन गरेको छ । नीति तथा कार्यक्रम निर्देशित आसन्न बजेट अर्थतन्त्रलाई गतिशील बनाउँदै आय, उत्पादन र रोजगारी बढाउन कार्यान्वयन तहमा भने प्रतिबद्ध र क्रियाशील हुनुपर्ने छ ।

# तनहुँ जलविद्युत् आयोजनाको ५५ प्रतिशत प्रगति

पोखरापत्र संवाददाता
तनहुँ, २ जेठ

ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट जडित क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत् आयोजनाको ५५ प्रतिशत भौतिक प्रगति भएको छ । आयोजनाले सञ्चालनमा ल्याएका तीन वटै प्याकेज (चरण)का कार्यलाई तीव्रता दिँदै आएकाले उक्त कार्य प्रगति हासिल गरेको हो ।

प्याकेज-१ मा ३५, प्याकेज-२ मा ५५ र प्याकेज-३ मा ७३ प्रतिशत कार्य प्रगति भइसकेको आयोजना प्रवर्द्धक तनहुँ हाइड्रोपावरका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले जानकारी दिनुभयो । प्याकेज-१ र २ मा निर्माण धमाधम भइरहेको भन्दै प्याकेज-३ मा प्रसारण लाइनका लागि रुख कटान नहुँदा निर्माण प्रभावित भएको उहाँले बताउनुभयो । तनहुँको तुलनामा चितवन खण्डमा सालका ठूला रुख कटान गर्नुपर्ने र केन्द्रीयस्तरबाट रुख कटानको आदेश नभएसम्म काम अघि बढाउन नसकने उहाँले बताउनुभयो । दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइनको लागि प्याकेज-३ अन्तर्गत ३४.७ किलोमिटर दूरीमा प्रसारण लाइनको काम अघि बढाइएको थियो । कूल ९४ वटा टावरमध्ये ७६ वटा टावरको फाउण्डेसन कार्य सम्पन्न भएको छ, भने ५६ वटा टावर बनाइसकिएको छ । उक्त प्रसारण लाइन निर्माणका लागि केइसी इन्टरनेशनल लिमिटेड भारतले ठेक्का सम्झौता गरी काम सुरु गरेको थियो । निर्माण सम्पन्न गर्ने सम्झौता अवधिसमेत समाप्त भइसकेको सो आयोजनाले जनाएको छ । कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ । जसमा एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# जसपा आधिकारिकता विवाद: यथास्थितिमा राख्ने आदेश

रासस
काठमाडौं, २ जेठ

सर्वोच्च अदालतले जनता समाजवादी पार्टी नेपाल विभाजनको विषयमा निर्वाचन आयोगले दल दर्ता गर्ने निर्णय तत्काला लागि यथास्थितिमा राख्न अल्पकालीन अन्तरिम आदेश गरेको छ ।

न्यायाधीश विनोद शर्माको एकल इजलासले आज निर्वाचन आयोगले अशोक राई नेतृत्वमा गठन भएको जनता समाजवादी पार्टीलाई आधिकारिकता दिने निर्णय तत्काल यथास्थितिमा राख्न आदेश गरेको हो । "निर्वाचन आयोगको बैठक सङ्ख्या १२/२०८१ गत वैशाख २४ गतेको बैठकको प्रस्ताव नं ३० मा भएका विभिन्न निर्णयमध्ये कतिपय कार्यान्वयन भइसकेका र कतिपय कार्यान्वयनको प्रक्रियामा रहेका भन्ने देखिन आएको छ", आदेशमा भनिएको छ, "उक्त विषयमा प्रत्यर्थी निर्वाचन आयोगसमेतसँग छलफल गरी निष्कर्षमा पुग्न मनासिब देखिएकाले उल्लिखित गत वैशाख २४ गतेको बैठकबाट भएका निर्णयहरू र सोका आधारमा भएका कामकारबाही जहाँ जे जस्तो अवस्थामा छन् सोही अवस्थामा यथास्थितिमा राखी यही जेठ ८ गते छलफलका लागि उपस्थिति हुनु भनी अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ ।" निर्वाचन आयोगले अशोक राई नेतृत्वमा गठन भएको जनता समाजवादी पार्टीलाई आधिकारिकता दिने निर्णयप्रति असन्तुष्टि व्यक्त गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सर्वोच्च अदालतमा निवेदन दायर गर्नुभएको थियो ।

निर्वाचन आयोगलगायतलाई विपक्षी बनाई आज दायर गरेको रिट निवेदनमा राई नेतृत्वको जनता समाजवादी पार्टीलाई दिएको आधिकारिकताको निर्णयलाई खारेज गर्न माग गरिएको थियो । गत वैशाख २३ गते राईले जसपा विभाजन गरेर नयाँ पार्टी दर्ताका लागि निवेदन दिनुभएको थियो । सोही निवेदनका आधारमा निर्वाचन आयोगले गत वैशाख २४ गते आधिकारिकताको प्रमाणपत्र दिएको थियो । जसपा नेपालमा भएको विभाजनपछि उपेन्द्र यादवको पार्टीमा १२ मध्ये पाँच मात्रै सांसद छन् । उक्त विवादमा यही जेठ ८ गते दुवै पक्षको छलफलका लागि पेसी तोकिएको छ ।

**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

पोखरा महानगरपालिका वडा नं. १७, संगमचोकको उत्तर पूर्वको टोलमा ढलान बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम** : संगमचोक उत्तर-पूर्व सडक निर्माण
**उपभोक्ता समिति**: संगमचोक उत्तर-पूर्व सडक निर्माण उपभोक्ता समिति, पोखरा १७
**योजना सम्झौता मिति** : २०८१/०१/१२ गते
**योजना सुरु मिति** : २०८१/०१/१४ गते
**सम्पन्न भएको मिति** : २०८१/०१/३० गते
**महानगरपालिकाबाट** : रु. २,९५,०००/-
**जनसहभागिता** : रु. २,९५,०००/-
**जम्मा लागत** : रु. रु. ५,९०,०००/-
**उपभोक्ता समिति**
**अध्यक्ष** : जयश्वर पाध्या
**उपाध्यक्ष** : सुरेश गिरी
**सचिव** : जयनारायण चापागाई
**कोषाध्यक्ष** : सम्झना अधिकारी
**सदस्यहरू** : रेखा रेग्मी, पुर्णबहादुर नेपाली र मंगल बहादुर थापा
**अनुगमन समिति संयोजक** : कमल बहादुर रेग्मी
**सदस्यहरू** : सन्दिप बोगटी र पुजा मल्ल

**संगम चोक उत्तर-पूर्व सडक निर्माण उपभोक्ता समिति**
पोखरा-१७, कास्की

# आयआर्जन र पर्यटन प्रवर्द्धनको माध्यम बन्दै महसिकार

पोखरापत्र संवाददाता
म्याग्दी, २ जेठ

देशका भिरपहरामा गरिने महसिकार आयआर्जन र पर्यटन प्रवर्द्धनको माध्यमका रूपमा विकास हुन थालेको छ ।

धवलागिरि गाउँपालिकाका अध्यक्ष प्रेमप्रसाद पुनले महसिकार अवलोकन गर्न पर्यटक आउने र मह खरिद गर्न उपभोक्ता जङ्गलमै पुग्न थालेपछि ग्रामीण क्षेत्रको आयआर्जनमा सहयोग पुगेको बताउनुभयो । "अक्करे भिरमा जोखिम मोलेर गरिने महसिकार वसन्तयाममा धवलागिरि चक्रीय, गुर्जा र ढोरपाटन क्षेत्रको भ्रमणमा आउने पर्यटकका लागि आकर्षण बनेको छ", उहाँले भन्नुभयो, "अत्यधिक माग हुने भिरमह बिक्री गरेर सिकारीहरूले केही रकम आर्जन पनि गरेका छन् ।"

केही दिनअघि मङ्गला गाउँपालिका-१ थाइवाङको भिरमा तीन सय लिटर मह निकालेका धवलागिरि गाउँपालिका-२ खोरियाका मोतिप्रसाद पाइजाको १० जनाको टोलीले मङ्गलबार खोरियाको महभिरमा ३० लिटर मह उत्खनन गरेको छ । स्वाँतमा लोकबहादुर पाइजाको टोलीले ७० लिटर मह निकालेको जनाएको छ । स्वाँतको भिरमा आज पनि महसिकारलाई निरन्तरता दिइने भएको छ । धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले महसिकार गरेर गाउँका बेरोजगारलाई रोजगारी र आयआर्जनको अवसर मिलेको बताउनुभयो ।

एउटा महसिकार टोलीमा कम्तीमा १० जना सहभागी हुन्छन् । म्याग्दीका महसिकारीलाई कास्की, बागलुङबाट पनि ज्याला दिएर बोलाउने गरेका छन् । भिरमा मौरीले लगाएका गोला काट्नका लागि मह सिकारी डोरी (पराङ)मा झुण्डिएर मह निकालिने खोरियाको मह सिकारी टोलीका सदस्य सबहादुर चोचाङ्गी पुनले बताउनुभयो । वसन्त र शरद् ऋतु मह सिकारका लागि उपयुक्त समय मानिन्छ । वसन्त ऋतुमा बैँसी र शरद्मा लेकमा पुगेर भिरमह निकाल्न उपयुक्त समय हो । म्याग्दीमा प्रतिलिटर रु दुई हजार पाँच सयदेखि रु तीन हजार पाँच सयका दरले भिरमह बिक्री हुने गर्छ । स्वादिलो, स्वास्थ्यका लागि हितकर र शक्तिप्रवर्द्धक हुनुका साथै धार्मिक कार्यका लागि प्रयोग हुने मह भिरबाट ननिकाल्दै अग्रिम पैसा दिएर ग्राहकले खरिद गर्ने गरेका अन्नपूर्ण-५ स्वाँतका महसिकारी लोकबहादुर पाइजाले बताउनुभयो । "गाउँका बासिन्दा, बजार र विदेशबाट मह किन्न ग्राहक जङ्गलमै आउँछन्", उहाँले भन्नुभयो, "भिरमहलाई बजारको समस्या छैन ।" स्थानीय सामुदायिक वन समूहलाई कर तिरेर निकालिने भिरमह निकासी गर्न डिभिजन वन कार्यालयबाट छोडपुर्जी लिनुपर्छ । मह निकाल्नका लागि भिरको माथिल्लो भाग र तल्लो भागमा दुई समूहमा सिकारी बाँडिएका हुन्छन् । एक समूहले भिरको माथिबाट तल भुइँसम्म डोरी झुण्ड्याउँछ भने भिरको तलपट्टि रहेको अर्को समूहले मह थाप्ने र स्याहार्ने गर्दछ । त्यतिबेला मह निकाल्ने विशेष ध्यान पुऱ्याउनुपर्छ। जब परङमार्फत गएका सिकारीले गोलामा धुँवा भोस्न सुरु गर्छ, माहुरीले टोक्ने डरले वरपरका सबै सिकारी रुख र ओढारमा लुक्छन् । माहुरी अन्यत्रै भागेपछि मात्र उनीहरू बाहिर आउँछ अनि मह निकाल्न सजिलो हुने गर्छ । मुख्य सिकारीले हतियार प्रयोग गरी निकालेको महको भाँडालाई डोरीको सहायताले भुइँसम्म ल्याउने गरिएको धवलागिरि गाउँपालिका-२ खोरियाको महसिकारी मनबहादुर चोचाङ्गीले बताउनुभयो ।

# सम्झौता भएको २७ महिनापछि सबस्टेसन निर्माण सुरु

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

म्याग्दीको रघुगङ्गा गाउँपालिका-३ राहुघाटमा ठेक्का सम्झौता भएको २७ महिनापछि सबस्टेसन निर्माण सुरु भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले मालिका गाउँपालिका-७ विमबाट रघुगङ्गा-३ राहुघाटको अम्वाङ जोड्ने एक सय ३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाउँमा सबस्टेसन निर्माणका लागि सन् २०२१ को डिसेम्बर ३१ मा भारतीय कम्पनी लार्सन एन्ड टियुब्रो (एलएनटी) सँग २६ मिलियन अमेरिकी डलरमा ठेक्का सम्झौता भएको थियो ।

जनप्रतिनिधि र सरोकारवालाको दवाब तथा आयोजनाको ताकेतापछि ठेकेदार कम्पनीले २७ महिनापछि राहुघाटमा सबस्टेसनको काम थालेको डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाका प्रमुख रोशन अग्रवालले जानकारी दिनुभयो ।

"धेरै प्रयासपछि ठेकेदारले सबस्टेसन निर्माण थालेका छन्", उहाँले भन्नुभयो, "हाल दैनिक एक सय ५० जना मजदुर परिचालन गरेर काम भइरहेको छ ।" २२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने जिआइएस प्रविधिको राहुघाट सबस्टेसनमा भौतिक पूर्वाधार निर्माणका लागि प्रारम्भिक चरणको काम थालिएको उहाँले जानकारी दिनुभयो । अम्बाङमा सबस्टेसन बनाउन पाँच वर्षअघि ९० रोपनी जग्गा अधिग्रहण भएको थियो । सबस्टेसनमा निर्माणमा भएको ढिलाइका कारण राहुघाट र म्याग्दी नदीमा निर्माणाधीन जलविद्युत् आयोजना अन्योलमा परेको थियो । ढिलै भए पनि सबस्टेसन निर्माण सुरु भएकामा जलविद्युत् आयोजनाका प्रवर्द्धक आशावादी बनेका छन् । तीस महिना ठेक्का अवधि भएको आयोजनाको हालसम्मको समग्र भौतिक प्रगति ५० प्रतिशत रहेको आयोजना प्रमुख अग्रवालले बताउनुभयो । म्याग्दी र राहुघाट नदीमा निर्माणाधीन आयोजनाबाट उत्पादन हुने विद्युत्लाई राष्ट्रिय प्रणालीमा आबद्ध गराउन एसियाली विकास बैङ्कको ऋणमा सबस्टेसन र प्रसारण लाइन बनाउन लागिएको हो । १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान गरिने डाँडाखेत सबस्टेसनको सिभिलतर्फको ६० प्रतिशत भौतिक प्रगति भएको छ । डाँडाखेतमा ५१ रोपनी जग्गा अधिग्रहण भएको थियो । दुवै ठाउँका सबस्टेसनमा जडान गर्ने उपकरण आयात भइसके पनि प्रयोगमा ढिलाइ हुँदा बिग्रने जोखिम बढेको प्राविधिकले बताएका छन् । करिब २५ किलोमिटर दूरीको १२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको ७९ वटा टावरमध्ये हालसम्म १२ वटा निर्माण सकिएका र ३८ वटा निर्माणाधीन रहेका आयोजनाले जनाएको छ । रघुगङ्गा-३, बेनी नगरपालिका-९ र १०, मङ्गला गाउँपालिका-१, मालिका-६ र ७ मा प्रसारण लाइनको टावर निर्माण हुनेछन् । दुवै ठाउँमा यसअघि नै जग्गा व्यवस्थापन, घेराबार, पहुँचमार्गका साथै डाँडाखेतमा गार्ड र कर्मचारी आवासगृह भवनसमेत निर्माण भइसकेका छन् । म्याग्दी नदीमा १७२.८ मेगावाट क्षमताको चारवटा जलविद्युत् आयोजना निर्माण सुरु भएका छन् । राहुघाटमा ३५.५ मेगावाटको राहुघाट मङ्गले र ४८.५ मेगावाट क्षमताको अपर राहुघाट, २१.३ मेगावाट क्षमताको ठूलोखोला र ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणाधीन छ। पाँच दशमलव पाँच मेगावाट क्षमताको बगरखोला, ४.७५ मेगावाटको स्यानोखोला, ४.९० मेगावाटको अपर ठूलोखोला र १५ मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा छन् ।

# संस्कृति संरक्षणका निम्ति मादल बजाउने तालिम

पोखरापत्र संवाददाता
म्याग्दी, २ जेठ

सदरमुकाम बेनीमा मादल बजाउन सिकाउने तालिम सुरु भएको छ ।

बेनी नगरपालिकाको आयोजनामा मङ्गलबारदेखि निर्माण व्यवसायी समितिको सभाहलमा सुरु भएको १५ दिने तालिमको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले उद्घाटन गर्नुभयो । नगरप्रमुख केसीले सङ्गीतमा सकरात्मक सोचको विकास गराउन सक्ने शक्ति भएको बताउनुभयो । कला, संस्कृतिको संरक्षणका निम्ति नगरपालिकाले तालिम सञ्चालन गरेको उहाँले बताउनुभयो ।

कार्यक्रममा नगरका उपप्रमुख ज्योति लामिछानेले महिलालाई गाउँघरमा बेलाबेलामा आयोजना हुने भजनकीर्त लगायत धार्मिक-सांस्कृतिक कार्यक्रममा मादल बजाउनसक्ने बनाउन तालिमको आयोजना गरिएको बताउनुभयो । तालिममा बेनी नगरपालिका भित्रका आमा समूह तथा महिलाले नेतृत्व गरेका सङ्घसंस्थाका ६० जना सहभागी भएका छन् । तालिमको सहजीकरण कलाकार तथा वाद्यवादक दिनेश पुन र अमित विश्वकर्माले गर्नुभएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाव | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : व्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# किसानलाई अनुदानमा ५४ हजार माछाका भुरा वितरण

रासस
दमौली, २ जेठ

तनहुँको म्याग्दे गाउँपालिकाले शतप्रतिशत अनुदानमा किसानलाई माछाको भुरा वितरण गरेको छ । व्यावसायिक रूपमा माछापालन गरिरहेका किसानलाई प्रोत्साहन गर्न पालिकाले माछाका भुरा वितरण गरेको हो ।

गाउँपालिकाका सातवटै वडाका किसानलाई ५४ हजार तीन सय माछाका भुरा वितरण गरेको गाउँपालिकाका पशु सेवा शाखाप्रमुख डा विनय शाहले जानकारी दिनुभयो । माछापालन गरिरहेका किसानलाई प्रोत्साहन गर्न र माछापालन व्यवसायमा टिकाइराख्ने उद्देश्यसहित गाउँपालिकाले अनुदानमा भुरा वितरण गरेको उहाँको भनाइ छ ।

डा शाहले भन्नुभयो, "विगत लामो समयदेखि माछापालन व्यवसायमा आबद्ध किसानसँग भुरा प्राप्तिका लागि निवेदन माग गरेका थियौँ । निवेदन प्राप्त भएका २७ जना किसानलाई भुरा वितरण गरिएको छ ।" उहाँका अनुसार प्रति रोपनी छ सयका दरले माछाका भुरा वितरण गरिएको हो । किसानलाई तातो हावापानीमा हुर्किन सक्ने कमन कार्प जातका भुरा वितरण गरिएको डा शाहले बताउनुभयो । उहाँले भन्नुभयो, "म्याग्दे गाउँपालिकाको हावापानीसँग मिल्ने प्रजातिका भुरा बाँडेका हौँ । यो माछा एक वर्षमा दुई किलोसम्म हुन्छ ।" गाउँपालिकाले सङ्घीय सरकार कृषि अनुसन्धान केन्द्र मातहतको मत्स्य अनुसन्धान केन्द्र बेगनासबाट प्रतिभुरा ५० पैसामा खरिद गरेको हो । गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले माछापालक किसानलाई प्रोत्साहन गर्न अनुदानमा भुरा वितरणको कार्यक्रम ल्याइएको बताउनुभयो । "पालिकाले व्यावसायिक रूपमा काम गरिरहेका सबै किसानलाई अनुदानको नीति ल्याएको छ, सोही बमोजिम किसानलाई पनि शतप्रतिशत अनुदानमा भुरा वितरण गरेका हौँ", उहाँले भन्नुभयो । श्रेष्ठले यो कार्यक्रमले व्यवसाय गरिरहेकालाई प्रोत्साहन हुने भन्दै नयाँलाई आकर्षण थप्ने विश्वास लिइएको उल्लेख गर्नुभयो । गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रमअनुसार सूचना मागअनुसार विवरण सङ्कलन गरी पोखरीको क्षमता हेरेर भुरा वितरण गरिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । म्याग्दे-४ का हिमनारायण कायस्थले गाउँपालिकाले निःशुल्क रूपमा उपलब्ध गराएको माछाका भुराले व्यवसाय सञ्चालनमा सहयोग पुगेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी लामो समयदेखि माछापालनमा आबद्ध छौँ । व्यवसायलाई प्रोत्साहन गर्ने नीति गाउँपालिकाले लिएकाले हामीलाई सहज भएको छ ।" म्याग्दे-४ का भिमकुमारी रानालाई एक हजार आठ सय, कायस्थलाई पाँच हजार चार सय, टोपप्रसाद थापालाई एक हजार दुई सय, वडा नं १ का पूर्णिमा थापालाई दुई हजार चार सय, जगतबहादुर थापालाई दुई हजार चार सय, सन्तमान बोटेलाई एक हजार आठ सय, वडा नं ३ का बोलबहादुर आलेलाई तीन हजार, टुपबहादुर थापालाई तीन हजार, धनबहादुर थापालाई एक हजार दुई सय, वसुन्धरा बराई मगरलाई दुई हजार चार सय, वसन्ती सारु मगरलाई एक हजार दुई सय, भरतबहादुर उच्चै मगरलाई छ सय, नविन बराईलाई एक हजार आठ सय, बालचन्द्र शाहीलाई छ सय, वडा नं २ का लक्ष्मण थापालाई छ सय, विष्णुबहादुर नेपालीलाई एक हजार दुई सय, बेलबहादुर अधिकारीलाई एक हजार आठ सय माछाको भुरा वितरण गरिएको छ ।

वडा नं ५ का तालबहादुर आलेलाई तीन हजार छ सय, जगत थापालाई एक हजार आठ सय, मीनाकुमारी थापालाई पाँच हजार चार सय, बलिसिरा रानालाई छ सय, वडा नं ६ का श्रीबहादुर रानालाई छ हजार, शेरबहादुर गुरुङलाई तीन सय, वडा नं ७ का ध्रुवराज वाग्लेलाई छ सय, ओमराज गोतामेलाई छ सय, अच्युतराज काफ्लेलाई एक हजार दुई सय, रमादेवी पौडेललाई एक हजार आठ सय भुरा वितरण गरिएको गाउँपालिका कार्यालयले जनाएको छ ।

# सुजल डेरीको Rush Badam Drink बजारमा

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

सुजल डेरी प्रा लि ले नवीनतम ब्रान्ड Rush Badam Drink बजारमा ल्याएको छ ।

Rush Badam Drink मा प्रयोग भएको क्यालिफोर्नियन Almonds, आयातित उत्कृष्ट केसर र पोखरा तथा पोखरा वरिपरिबाट संकलन गरिएको दुधले यसको गुणस्तर र स्वाद सर्वोत्कृष्ट हुने कुरामा कम्पनीको दाबी छ ।

Rush Badam Drink अन्तर्राष्ट्रिय स्तरको automated machine बाट उत्पादन गरिन्छ । Rush Badam Drink मा Almonds को स्वाद, saffron को Goodness र दुधको तागतले उपभोगतालाई रिफ्रेस गर्नका साथै उर्जा पनि गर्ने कम्पनीले जनाएको छ ।

वर्तमान समयको जिवनशैली एकदमै छिटो बन्दै गैरहेको छ र निरन्तर अघि बढ्नको लागि शरिरलाई चहिने उर्जाले पनि त्यत्तिकै महत्व राख्दछ । उपभोगतालाई निरन्तर प्रयास गर्न र सफल बन्नको लागि चाहिने उर्जा Rush Badam Drink ले पूर्ण गर्दछ। Rush Badam Drink को १८० एम. एल. क्यान रु १०० मा बजारमा उपलब्ध रहेको कम्पनीले जनाएको छ।




# एक दिने कानुनी सचेतना कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

गिता जुम्बा क्लासको आयोजनामा १ दिने कानुनी सचेतना कार्यक्रम सम्पन्न भएको छ।



कार्यक्रमको उद्घाटन गर्दै रेडियो सफलताका प्रवन्ध निर्देशक दुर्गा अधिकारीले शासनमा महिला, आसनमा महिला र भाषणमा महिला भन्ने नारालाई सार्थकता तुल्याउनका लागि आ आफ्नो स्थानबाट सबैजना लाग्नुपर्नेमा जोड दिनुभयो। उहाँले महिलाहरुको सक्रियता विना समाजमा सकारात्मक परिवर्तन नआउने बताउनुभयो । साथै महिलाहरुले कानुनी विषय र अधिकारको विषयमा जानकारी हुनुपर्नेमा उहाँको जोड थियो । कार्यक्रमका विशेष अतिथि ट्रेड युनियन काग्रेसका जिल्ला अध्यक्ष कमल सापकोटाले कानुनी सचेतना तालिम श्रमिक क्षेत्रमा पनि आवश्यक रहेको बताउनुभयो । यस्ता किसिमका तालिमले महिलाले आफ्नो अधिकार पहिचान गर्न सहयोग पुर्‍याउने बताउनुभयो । कार्यक्रममा अधिवक्ता सीता भट्टराई, गृह श्रमिक संघका केन्द्रिय प्रतिनिधि मिरादेवी आचार्य, हातेमालो आमा समूह उपाध्यक्ष जमुना पौडेल, नागढुङ्गा आमा समूह उपाध्यक्ष कमला श्रेष्ठ, एयरपोर्ट टोल विकास संस्थाका वरिष्ठ उपाध्यक्ष संगीता तिमिल्सेना लगायतले बोल्नुभएको थियो । गिता जुम्बा क्लासका अध्यक्ष गिता पगेनी पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत गौरी पौडेल र संचालन अस्मिता लम्सालले गर्नुभएको थियो । तालिममा ४५ जना सहभागी भएका थिए । तालिममा अधिवक्ता सीता भट्टराईले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका व्यक्तित्वलाई सम्मान पनि गरिएको थियो । कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर १३ का जनप्रतिनिधि सुचिता तामाङ, ट्रेड युनियन काग्रेस कास्कीका अध्यक्ष कमल सापकोटा, गृह श्रमिक संघका केन्द्रिय प्रतिनिधि मिरादेवी आचार्य, हातेमालो आमा समुह उपाध्यक्ष जमुना पौडेल, नागढुङ्गा आमा समुह उपाध्यक्ष कमला श्रेष्ठ, एयरपोर्ट टोल विकास संस्थाका वरिष्ठ उपाध्यक्ष संगीता तिमिल्सेना, प्रगती आमा समुहका संस्थापक अध्यक्ष गौरी पौडेल, टेड युनियन काग्रेसका कार्यालय सचिव अनिता देवकोटालाई सम्मान गरिएको थियो ।

# पर्यटकीय पूर्वाधारले लोभ्याउँदै पर्यटक

पोखरापत्र संवाददाता
बागलुङ, २ जेठ

झाँडीले भरिएको भिरालो जग्गा, कालीगण्डकीले कटान गरेको पहराको खौँच । त्यही खौँच अहिले पर्यटकीय केन्द्रका रूपमा विकास भएको छ ।

पर्यटकीय पूर्वाधार निर्माणसँगै व्यवस्थित बनाइएको यहाँको बिपी उद्यान अहिले पर्यटक आकर्षणको केन्द्र बन्दै गएको हो । बागलुङ नगरपालिका-१ रामरेखास्थित मध्यपहाडी पुष्पलाल लोकमार्ग भएर आउनेजाने जो कोहीको ध्यानाकर्षण गर्ने थलोका रूपमा विकास भएको छ ।

विसं २०७६ सम्म झाडीले भरिएको डरलाग्दो भिरमा थपिएका पर्यटकीय पूर्वाधारसँगै पहरामाथि खोपेर हाले निर्माण गरिएको 'भ्यू पोइन्ट'ले सबैको ध्यान केन्द्रित गर्न थालेको स्थानीय बताउँछन् । कालीगण्डकी नदी हेर्नका लागि निर्माण गरिएको उक्त भ्यू पोइन्ट सयौँ पर्यटकको गन्तव्यका रूपमा विकास हुँदै गएको छ । झन्डै दुई रोपनी जग्गामा निर्मित उद्यानलाई 'बिपी उद्यान' नामकरण गरी व्यवस्थित बनाइएको छ ।

उद्यानमा दुबो लगाएर हरियाली बनाइएको छभने फूल, धूपी लगाइएको छ । पर्यटकका लागि आवश्यक बेन्च, शौचालय र पानीको व्यवस्था मिलाउनाका साथै राति आउने पर्यटकका लागि विद्युतीय लाइट जडान गरिएको छ ।

उद्यानको मुहार फेर्नका लागि रु ४६ लाख ७६ हजारको पूर्वाधार निर्माण भइसकेको बिपी उद्यान समितिका अध्यक्ष महेन्द्र आचार्यले जानकारी दिनुभयो । उहाँले उद्यानमा पूर्वाधारको अधिकांश लगानी गण्डकी प्रदेश सरकारले गरेको बताउनुभयो । उहाँले भाडी फाँडेर भिरको खौँच पुरेर उद्यान बनाइएको जानकारी दिनुभयो । अध्यक्ष आचार्यका अनुसार अहिले मध्यपहाडी लोकमार्ग भएर हिँड्ने पर्यटक र स्थानीयको विश्रामस्थलका रूपमा उद्यान विकास भएको छ । "सार्वजनिक रूपमा प्रयोगमा नआएको भिरको जग्गालाई व्यवस्थित बनाएर पार्क निर्माण गरेका थियौँ । हरियाली पार्क, छेउमा मन्दिर र दृश्यावलोकनका लागि भ्यू पोइन्ट बनाएपछि धेरैको आकर्षणको केन्द्रका रूपमा विकास भएको पाएका छौँ", उहाँले भन्नुभयो, "पार्क निर्माणका लागि जग्गा व्यवस्थापन, पर्खाल, तारबार, विद्युत, पानी, शौचालय, दुबो लगाउने, पर्यटकलाई बस्ने बेन्च राख्ने र पहरामाथि पुगेर कालीगण्डकी हेर्ने व्यवस्थाका लागि भ्यू पोइन्ट निर्माण गरिएको छ ।" मध्यपहाडी लोकमार्गसँगै जोडिएको पार्क सौन्दर्यीकरण भएपछि मुस्ताङ, ढोरपाटन, पञ्चकोट र शालग्राम सङ्ग्रहालय हिँडेका पर्यटकहरू यहाँ आउने गरेका छन् । उनीहरूले सवार 'सिाधन रोकेर पार्क अवलोकन गर्दै आएका छन् ।

अध्यक्ष आचार्यका अनुसार २०७३ सालमा सहरी विकास कार्यालयबाट प्राप्त रु दुई लाख ८८ हजारमा भिरको खौँच पुरेर बिरुवा रोपिएको थियो । त्यसपछि २०७७ सालमा वन डिभिजन कार्यालयमार्फत रु १४ लाख ३३ हजार, २०७८ सालमा सामाजिक विकास कार्यालयबाट रु नौ लाख ३७ हजार, २०७९ सालमा पर्यटन तथा घरेलु उद्योग कार्यालयबाट रु आठ लाख ९८ हजार, चालु आर्थिक वर्षमा पर्यटन तथा उद्योग कार्यालय बागलुङबाट रु नौ लाख ६० हजार बजेट र रु एक लाख ६० हजार चन्दा सङ्कलन गरी पूर्वाधार निर्माण गरिएको हो ।

बाँसघारी, भाडी र फोहोर फाल्ने स्थानका रूपमा रहेको जग्गालाई पूर्वाधार निर्माण गरी पर्यटकीय केन्द्रका रूपमा विकास गरिएको स्थानीय दुर्गाबहादुर आचार्यले बताउनुभयो । रामरेखामामध्यपहाडीलोकमार्गसँगै सहिदपार्क, मदन आश्रित पार्क, बिपी पार्क, मनिलाल भ्यू पोइन्ट र डिबी पार्क गरी पाँचवटा पार्क रहेका छन् । पछिल्लो समय निकै व्यवस्थित र सौन्दर्यपूर्ण पार्कका रूपमा बिपी पार्क रहेको उहाँको भनाइ छ ।

जग्गा व्यवस्थापन, जग्गा सम्याउने, खाल्टा पर्ने, दुइ गा छाप्ने, सिँढी बनाउने, बाटो, बगैँचा निर्माण, झोँक्रीको मन्दिर, शौचालय, खानेपानी, पर्खाल, तारबार, बेन्च, दृश्यावलोकन गर्ने स्थान, भ्यू पोइन्ट निर्माणलगायत काम भएपछि पार्कको स्वरुप फेरिएको छ ।

व्यवस्थित रूपमा कालीगण्डकी दर्शन गर्न सकिने गरी निर्माण भएको पार्क सबैको नजरमा पर्न सफल भएको छ । अहिले दैनिक सयौँ पर्यटक र बागलुङ बजारवासीको विश्रामस्थलका रूपमा बिपी पार्कको विकास हुँदै गएको छ ।

# परोपकारका प्रेरणा ट्याक्सी चालक मगरको सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

सबै मानिस विष्णु काउचामगर जस्ता परोपकारी हुँदैनन् । ट्याक्सी चालक उहाँ आफ्नो सवारीसाधनलाई बागलुङको पश्चिम भेगमा गुडाउनुहुन्छ । आठ वर्षअघि ट्याक्सी चलाउन थाल्नुभएका उहाँले बिरामीलाई निःशुल्क सेवा दिएर पुण्यार्जन गरिरहनुभएको छ ।

गलकोट नगरपालिका-१० पाण्डवखानीका उहाँले गलकोट नगर अस्पतालसम्म ट्याक्सीमा निःशुल्क बिरामी बोक्न थालेको सोमबार वर्ष दिन पुग्यो । सो अवसरमा उहाँलाई गलकोट नगरपालिका र अस्पताल व्यवस्थापन समितिले सम्मान पनि गर्‍यो । मगरले हरेक सोमबार गलकोट-३ हटियाबजारबाट गलकोट-५ हरिचौरस्थित नगर अस्पतालसम्म बिरामीलाई निःशुल्क ट्याक्सी सेवा दिँदै आउनुभएको छ ।

करिब चार किमी दूरीको उक्त सडकखण्डमा एक दिन भए पनि निःशुल्क यात्रा गर्न पाउँदा बिरामी र उनीहरूका आफन्त खुसी छन् । भाडाको सवारीसाधनमा महँगो शुल्क तिरेर अस्पताल जानुपर्ने बाध्यता केही हदसम्म भए पनि कम भएको छ । उहाँले हरेक सोमबार बिहान ९ देखि दिउसो ४ बजेसम्म निःशुल्क ट्याक्सी सेवा सञ्चालन गर्दै आउनुभएको छ । "नगर अस्पताल जाने बरामी, उनीहरूका सहयोगी र भेट्न जाने आफन्तलाई निःशुल्क सेवा दिने गरेको छु", उहाँले भन्नुभयो, "सरकारी अस्पतालप्रति सर्वसाधारणको आकर्षण र विश्वास बढोस् भनेर मैले साताको एक दिन ट्याक्सी सेवालाई निःशुल्क बनाउने निर्णय गरेको हुँ ।" गत एक वर्षमा झण्डै चार हजार बिरामी र उनीहरूका आफन्तलाई निःशुल्क सेवा प्रदान गरेको मगरले बताउनुभयो । "कोहीले धेरैपटक सेवा लिनुभएको हुनसक्छ, अस्पताल ल्याउने र लैजाने गर्दा सङ्ख्यात्मक रूपमा झण्डै चार हजारलाई निःशुल्क सेवा दिएको मेरो आकलन छ", मगरले भन्नुभयो, "यस कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिन्छु ।" साताको छ दिन कमाइ गर्ने र एक दिन सेवामा समर्पित हुने सोचअनुसार बिरामीलाई निःशुल्क ट्याक्सी सेवा दिइरहेको मगरले बताउनुभयो । उहाँ आफैँ ट्याक्सी व्यवसायी र चालक हुनुहुन्छ । उहाँले एकैदिनमा कम्तीमा ४० देखि ८० जनासम्मलाई निःशुल्क सेवा दिएको बताउनुभयो । गलकोट नगरपालिकाका प्रमुख भरत शर्मागैरेले मानवीय सेवाप्रति मगरले देखाएको समर्पण भाव प्रशंसनीय रहेको बताउनुभयो । "उहाँको सेवाबाट सर्वसाधारण बिरामीलाई राहत मिलेको छ, उहाँको योगदान कदरयोग्य छ", प्रमुख गैरेले भन्नुभयो, "सडक स्तरीय बनाउने काम भइरहेकाले अस्पतालसम्मको आउजाउ अझै सहज हुन्छ ।" स्वास्थ्यचौकीलाई नगर अस्पतालका रूपमा स्तरोन्नति गरेपछि सेवाको गुणस्तर थपिएको र अस्पतालप्रति जनविश्वास पनि बढेको उहाँले बताउनुभयो ।

यसअघि नगरपालिकाले स्थापना दिवसमा समाजसेवीका रूपमा मगरलाई सम्मान गरेको थियो । नेपाल मगर सङ्घ गलकोट नगर समितिद्वारा पनि उहाँ सम्मानित भइसक्नुभएको छ । "सम्मान र हौसलाले सामाजिक सेवाप्रति थप क्रियाशील हुने प्रेरणा मिलेको छ", उहाँले भन्नुभयो, "बिरामीले प्रकट गर्ने सम्मानजनक व्यवहार र आशीर्वचनले त झनै मनमा खुसी मिल्छ ।"

# यू-१५ राष्ट्रिय जुनियर प्रतियोगिताको तयारी सुरु

पोखरापत्र संवाददाता
पोखरा, २ जेठ

पोखरामा आयोजना हुने यू-१५ राष्ट्रिय जुनियर राष्ट्रिय प्रतियोगिताको सुरुवात गरेको छ।

प्रदेश खेलकुद परिषद गण्डकीले राष्ट्रिय जुनियर यू-१५ मा आयोजना हुने विभिन्न ६ खेलका संघका पदाधिकारीहरु संग छलफल गरी तयारी सुरु गरेको जनाएको हो । यहि जेठ ३० देखि ३२ गते सम्म पोखरा मा आयोजना हुने यू-१५ राष्ट्रिय जुनियर प्रतियोगितामा ६ खेल हुनेछन् । प्रतियोगितामा एथलेटिक्स महिला/पुरुषतर्फ विभिन्न ८ इभेन्टहरु हुनेछन् । त्यसै गरी टिम गेम्सतर्फ महिला/पुरुष बास्केटबल र रग्बी, व्याडमिन्टन टेबुल टेनिस र बुद्धिचालका खेलहरु सञ्चालन हुनेछन् । परिषदले तयारी स्वरुप गरेको छलफलमा यहि जेठ २० गते भित्र सबै खेलका छनौट खेलहरु सम्पन्न गर्ने सदस्य सचिव श्रीधर शर्माले जानकारी दिएका छन् ।

सम्पन्न छलफलमा परिषदका सदस्यहरुलाई समेत प्रतियोगिता सफल बनाउन विभिन्न जिम्मेवारी समेत तोकिएको छ भने संघहरुलाई छनौट व्यवस्थापनको जिम्मेवारी दिइएको छ । राष्ट्रिय खेलकुद परिषदको आयोजना तथा प्रदेश खेलकुद परिषद गण्डकीको व्यवस्थापनमा हुने राष्ट्रिय यू-१५ जुनियर प्रतियोगिता पहिलो पटक आयोजना हुँदैछ । प्रतियोगितामा सात प्रदेशका खेलाडीहरुको सहभागिता हुनेछ

# टेबल टेनिस खेलाडी स्यान्दु पेरिस ओलम्पिकमा छनोट

रासस
काठमाडौं, २ जेठ

टेबल टेनिस खेलाडी स्यान्दु श्रेष्ठ पेरिस ओलम्पिक, २०२४ का लागि छनोट भएका छन् ।

लैनचौरस्थित टेबल टेनिस हलमा बुधबार भएको दक्षिण एसियाली छनोट प्रतियोगिताको पुरुष एकलतर्फको फाइनल खेलमा स्यान्दुले नेपालकै संयोग कपालीलाई ४-३ ले पराजित गर्दै ओलम्पिकमा छनोट भएका हुन् । योसँगै ओलम्पिकमा छनोट चरणबाट खेल्ने स्यान्दु तेस्रो नेपाली खेलाडी बनेका छन् ।

यसअघि नेपालबाट तेक्वान्दोका सङ्गीना वैद्य र दीपक विष्टले मात्र छनोट चरण पार गरेर ओलम्पिकमा सहभागिता जनाएका थिए । सङ्गीना सन् २००४ मा एथेन्स र दीपक सन् २००८ मा बेइजिङ ओलम्पिकका लागि छनोट भएका थिए । 'वेष्ट अफ सेभेन'मा भएको आजको खेलमा पहिलो सेट ११-७ अङ्कले आफ्नो पक्षमा पारेका स्यान्दु दोस्रो सेटमा ८-११ अङ्कले पराजित भए । त्यसपछिका दुई सेट ११-७ र ११-६ अङ्कले जित निकालेका स्यान्दुले पाँचौँ र छैटौँ सेट ८-११ र ८-११ अङ्कले गुमाए ।

अन्तिम सेट ११-९ अङ्कले आफ्नो पक्षमा पार्दै स्यान्दुले ओलम्पिकमा स्थान पक्का गरे । यसअघि स्यान्दुले श्रीलङ्काका चमिरा गिनिगे र संयोगले श्रीलङ्काकै जयसनका डी सिल्भालाई पराजित गर्दै फाइनलमा स्थान बनाएका थिए ।